जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २० २०८२ साल साउन २६ गते सोमबार (11 Aug 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : गण्डक नहरमा अतिक्रमण ... ३ पृष्ठमा : एनपीएल अक्सनबाट आठ ... ३ पृष्ठमा : गाजामा इजरायली ...

# मुख्यमन्त्री सिंहले मृतक परिवारसँग भेटघाट गरि घटना बारे लिए बिस्तृत जानकारी



**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले गत साउन २० गते प्रहरीको गोली लागि मृत्यु भएका सप्तरीको राजगढ २ कमलपुर निवासी ३६ वर्षिय लालुप्रसाद यादवका परिवारजनसँग आइतबार भेटघाट गरि घटनाबारे बिस्तृत जानकारी लिएका छन् ।

सो क्रममा मुख्यमन्त्री सिंहले घटना अत्यन्त दुःखद र पीडादायी विषय भएको बताउँदै शोकाकुल परिवारका सदस्यहरू, स्थानीयवासी तथा नागरिक समाजसँग भेटघाट गरी घटनाबारे बिस्तृत जानकारी लिएका हुन् ।

उनले यादवप्रति गहिरो श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा यस असहनीय क्षतिमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै घटना सम्बन्धमा आवश्यक अनुसन्धान र छानबिनका कार्यहरू अगाडि बढिरहेकोले सत्यतथ्य छिट्टै सार्वजनिक हुने विश्वास समेत व्यक्त गरे ।

मृत्यु भएका यादव सो पालिकास्थित श्री खुवलाल जगन्नाथ शक्ती आधारभुत विद्यालय व्यवस्थापन समितीका अध्यक्ष समेत हुन ।

यसअघि यादवको मृत्यु भएको विरोधमा स्थानीयहरु जिल्ला प्रहरी कार्यालय सप्तरी अगाडी बुधबार बिहानैदेखी प्रदर्शनमा उत्रिएपछि भीडलाई नियन्त्रणमा लिन प्रहरीले साँझ अश्रु ग्यास प्रहार गरिएको थियो ।

स्थानीयहरुले व्यक्तिलाई नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै पनि प्रहरीले गोली चलाएर ज्यान लिएको आरोप लगाउँदै घट्नाको सत्यतथ्य छानविन हुनुपर्ने माग गर्दै आएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बिहीबार प्रमुख जिल्ला अधिकारी भोला दाहाल रसंघर्ष समिति संयोजक दिपेन्द्र कुमार यादव सहितका सरोकारबालाहरुको बैठकले पाँच बुदे निर्णय गरेपछी आन्दोलन पिस्थगित भएको थियो । उक्त घटनाप्रति दुःख व्यक्त गर्दै सोको छानविन गरी सत्य तथ्य पत्ता लगाउन उच्चस्तरीय समिति गठनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने र क्षतिपूर्ति सम्बन्धमा छानवीन समितिको प्रतिवेदन बमोजिम हुने सहमति भएको छ ।

प्रहरी टोलीको नेतृत्व गर्ने प्रहरी निरीक्षक बिरेन्द्र कुमार यादवलाई घटनाको छानवीन हुँदा सम्म जिम्मेवारीबाट अलग राख्न तालुक निकायमा अनुरोध गर्ने र आन्दोलनरत पक्षहरुले आन्दोलनका सबै कार्यक्रमहरु स्थगित गर्ने सर्वपक्षिय बैठकमा सहमति भएको थियो ।

यसैबीच सोही घटना बारे राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयबाट आएको टोलीले शुक्रबारदेखी अनुसन्धान सुरु गरेको छ ।

# जनकपुरमा रेल र कार ठोक्किए

**दैनिक समाचारदाता**
**धनुषा, २५ साउन ।**

जनकपुरधाम उपमहानगरपालिका-९ ब्रह्मपुरीस्थित थापा चोक नजिक आइतबार बिहान रेल र एक कार एकापसमा ठोक्किँदा दुर्घटना भएको छ ।

बागमती प्रदेश०१-०२५च १२९० नम्बरको कार बिहान ८:३० बजे महोत्तरीको पिपराढी स्टेशनबाट जनकपुरधामतर्फ आउँदै गरेको नेपाल रेल्वेको रेलसँग ठोक्किएको हो ।

दुर्घटना रेलमार्ग नजिकैको 'क्रसिङ एरिया'मा भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बरुणबहादुर सिंहले जानकारी दिए ।

स्थानीय प्रत्यक्षदर्शीहरूका अनुसार रेलले कारलाई ठक्कर दिँदा ठूलो आवाज आएको थियो । कारमा तीन जना सवार थिए । उनीहरुलाई सामान्य चोटपटक लागेको छ भने कारमा ठूलो क्षति पुगेको छ ।

दुर्घटनापछि केही समय रेल सेवा अवरुद्ध भएको जनाइएको छ भने सो सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता सिंहले जानकारी दिए । रेल्वे क्रसिङ नजिक चेतावनी सङ्केत र सुरक्षाका उपायहरू अभावमा यस्ता दुर्घटना दोहोरिइरहेको स्थानीयको गुनासो छ ।

# विद्यालयलाई गैरनाफामूलक बनाइने वाक्यांश विधेयकबाट हटाउन माग

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ साउन ।**

निजी विद्यालय सञ्चालकले निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाइने छ भन्ने वाक्यांश विद्यालय शिक्षा विधेयकबाट हटाउन माग गरेका छन् ।

आइतबार निजी विद्यालयका संगठनहरु प्याब्सन, एनप्याब्सन, नेशनल प्याब्सन र हिसानले संयुक्त रुपमा पत्रकार सम्मेलनको आयोजना गरी विद्यालय शिक्षक विधेयकबाट उक्त व्यवस्था हटाउन माग गरेका हुन् ।

प्याब्सनका महासचिव आरबी कटुवालले भने, "विधेयकमा निजी लगानीमा सञ्चालित विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाउँदै लैजाने

बाँकी अन्तिम पृष्ठमा

# सरकारले तराईमा सिँचाइको स्थायी समाधान खोज्ने

काठमाडौं, २५ साउन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले तराईमा सिँचाइको स्थायी समाधान खोज्न सरकार दृढ रहेको बताउनुभएको छ ।

मधेस प्रदेशका आठ जिल्लामा ७६ दशमलव ५४ प्रतिशत रोपाइँ भएकामा खुसी व्यक्त गर्दै उहाँले सामाजिक सञ्जालबाट तराईमा सिँचाइको स्थायी समाधान खोजिने बताउनुभएको हो ।

तराईमा आगामी वर्षदेखि आकासे वर्षाको निर्भरता हटाएर सिँचाइको स्थायी समाधान ल्याउने सरकारको सङ्कल्प रहेको बताउनुभएको छ ।

वर्षासँगै सुक्खाले सङ्कटग्रस्त मधेस प्रदेशमा रोपाइँ सुरु भएकामा प्रशन्न हुनुभएका प्रधानमन्त्री ओलीले धेरै महिला सहभागी भएर रोपाइँ गरेको तस्बिरसहित देश र जनतालाई अभिवादन गर्दै "यस वर्षको खडेरीले अन्नको भण्डार मानिने हाम्रो तराईका खेतमा धाँजा परेर रोपाइँ गर्नै नसक्ने अवस्था आयो । जहाँ रोपाइँ भयो, त्यहाँ पानीको अभावले रोपो मर्न थालेको थियो । किसानका पीर, पसिना र सपना माटोमै सुक्न लागेकाबेला म केही समयअघि तराई गएको थिएँ र सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गर्दै राहत र सहयोगको विशेष निर्णय गरेको थियो", भन्नुभएको छ ।

आगामी वर्षदेखि आकासे वर्षाको निर्भरता हटाएर सिँचाइको स्थायी समाधान ल्याउने सरकारको सङ्कल्प रहेको र अब त्यो दिन धेरै टाढा नभएको उहाँले बताउनुभएको छ । किसानको मुस्कान, जमिनमा हरियालीको सुगन्ध र समाजको खाद्यान्न भविष्यलाई देशको र वर्तमान सरकारको लक्ष्य भएको उल्लेख

बाँकी अन्तिम पृष्ठमा



## भूमि विधेयकका संशोधित दफा अध्ययन गर्न सांसदलाई दुई दिनको समय

काठमाडौँ, २५ साउन (रासस)।

भूमि विधेयकका केही दफा स्पष्ट नभएका भन्दै सांसदलाई थप अध्ययनका लागि दुई दिनको समय दिइएको छ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकले केही बुँदा स्पष्ट नभएको भन्दै सांसदहरूले अध्ययनको समय माग गरेपछि यस विषयमा साउन २७ गते छलफल गर्ने गरी तय भएको सभापति कुसुमदेवी थापाले बताउनुभयो।

यसअघिको बैठकमा दफा १२ (छ) को स्थानमा अर्को व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई जिम्मेवारी दिएकामा शुक्रबार बिहानमात्र संशोधित बुँदा समितिमा प्राप्त भएको थियो। समितिको बैठक बस्नु केही समयअघि मात्र प्राप्त भएको संशोधित बुँदा प्रष्ट नभएको भन्दै समय माग गरिएको जनाइएको छ।

हतारमा दफामा गरिएको संशोधनसम्बन्धी व्यवस्था पारित गर्दा निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' मा जस्तै हुनसक्ने भएकाले नयाँ व्यवस्थाबारे मिहीन अध्ययन गरेर मात्र अघि बढ्नुपर्ने सहमति भएको थियो।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आरक्षबाट विस्थापित भएकालाई जग्गा दिने गरी कानुन बनाउनुपर्ने बताउनुभयो। उहाँले जग्गा आरक्ष वा राष्ट्रिय निकुञ्जमा परेका तर हालसम्म केही नपाएका पीडितलाई जग्गा व्यवस्थापन गर्ने विधेयकमा व्यवस्था गरिएको जानकारी गराउनुभयो।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भएका धेरै परिवारले जग्गा नपाएको गुनासो मन्त्रालयमा आएकाले त्यस विषयलाई विधेयकले सम्बोधन गर्ने मन्त्री अधिकारीको भनाइ थियो।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सयौँ व्यक्ति विस्थापित भएका र उनीहरुले हालसम्म जग्गा प्राप्त गर्न नसकेको गुनासो गरेकाले विधेयकमार्फत त्यसलाई सम्बोधन गर्ने गरी व्यवस्था गरिनुपर्ने बताउनुभयो।

समिति सभापति थापाले आरक्ष र राष्ट्रिय निकुञ्ज पीडितका विषयमा पटकपटक छलफल भएकाले यो समस्या समाधान हुने गरी विधेयकले व्यवस्था गर्ने प्रतिबद्धता जनाउनुभयो।

बैठकमा सांसदहरु वीरबहादुर बलायर, भानुभक्त जोशी, अशोककुमार चौधरी, बिजुला रायमाझी, शान्ति बिक, प्रतिमा गौतम, सरस्वती सुब्बा, सूर्यप्रसाद ढकाललगायतले संशोधन गरिएको बुँदा स्पष्ट नभएको, घुमाउरो भाषाको प्रयोग गरेर दुई खालको अर्थ लगाउन सकिने भएकाले त्यसलाई प्रष्ट पारिनुपर्ने बताउनुभएको थियो।

बैठकमा भूमि व्यवस्था मन्त्रालयका सचिव केदारनाथ शर्मा, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याल र समिति सचिव शिवदत्त बराललगायतले सांसदको भनाइअनुसार नै दफा संशोधनको प्रस्ताव गरिएको, प्रस्तावलाई अन्तिम रूप दिने काम सांसद र संसदीय समितिको नै भएकाले त्यसैअनुसार बनाइनुपर्ने धारणा राख्नुभएको थियो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# गण्डक नहरमा अतिक्रमण हुँदा किसान समस्यामा

**हिमाल लम्साल**

पर्सा, २५ साउन (रासस)।

बाराको फेटाबजार नजिकै गण्डक नहर किनारमा अतिक्रमण हुँदा रौतहटका किसान मर्कामा परेका छन्। पर्सा, बारा र रौतहटका दक्षिणीभेगका किसान सिँचाइका लागि गण्डक नहरमा आश्रित छन्।

मधेस प्रदेशमा खडेरी लागेर सङ्कटग्रस्त भएसँगै बाराका किसानले नहरको किनारा आफूखसी भत्काएर उत्तरतर्फ पानी लगेपछि समस्या देखिएको हो। नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजकुमार पटेलले बाराको फेटाबजार नजिकै डेढ किलोमिटरको दुरीमा पछिल्लो एक महिनामा चार पटक गण्डक नहरको संरचना भत्काएर उत्तरतर्फ पानी लगेको भेटिएको बताउनुभयो।

"गण्डक नहरको किनारा भत्काएर पानी लैजानेलाई कारबाहीका लागि बाराका स्थानीय प्रशासन तथा प्रहरीमा उजुरी दिँदै आइरहेका छौँ", उहाँले भन्नुभयो, "नहरको किनाराको संरचना भत्काएर बिगार्नेको पहिचान अहिलेसम्म हुन सकेको छैन।"

कार्यालय प्रमुख पटेलले नहरको किनारा काटेसँगै रौतहटको बङ्कुलसम्म पानी पुग्नका लागि अवरोध हुँदै आइरहेको बताउनुभयो। "गण्डक नहरको पानी पर्सा, बारा र रौतहटसम्मका दक्षिणीभेगतर्फ सिँञ्चित हुने गर्छ, बाराको फेटाबजार नजिकै नहरको किनारा भत्काइदिएपछि भने रौतहटका किसानलाई समस्या भएको छ", उहाँले भन्नुभयो।

कार्यालयका अनुसार आइतबारदेखि मङ्गलबारसम्म पर्सा जिल्लामा पानी वितरण गरिन्छ भने बुधबारदेखि शनिबारसम्म भने बारा र रौतहटका किसानलाई पानी वितरण गरिँदै आइएको छ। बाराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) वसन्त अधिकारीले बाराको बसन्तपुरमा गण्डक नहरको किनारा भत्काउनेको खोजी भइरहेको जानकारी दिनुभयो।

प्रजिअ अधिकारीले गण्डक नहरका कर्मचारी र प्रहरीसँग समन्वय भइरहेको बताउनुभयो। "बारा र रौतहटमा पानीको पालो लगाउने समयमा नहरको किनारा काट्ने समस्या देखिएको छ", उहाँले भन्नुभयो, "गण्डक नहरसँगै साइफन पनि रहेको छ। साइफनतर्फबाट दक्षिणतर्फ पानी बगाएर भारततर्फ पनि पानी लैजाने गरेको देखिएको छ। सो कार्य नियन्त्रणका लागि आवश्यक पहलकदमी भइरहेको छ।"

**गण्डक नहरमा ७०० क्युसेक पानी**

भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौता अनुसारको गण्डक नहरमा पानी उपलब्ध नगराउँदा सो नहरबाट सिँचाइ हुने पर्सा-बारा र रौतहटका किसान प्रभावित छन्। भारतीय पक्षले पछिल्लो समय भने नहर पर्याप्त मात्रामा सरसफाइ नभएको भन्दै पूर्ण क्षमतामा पानी नआएकाले पनि सो अनुसारको उपलब्ध गराउन नसकेको पत्राचार गरेको छ।

दोन नहर प्रमण्डल रामनगरका कार्यपालक अभियान्ताका कार्यालयका विश्वास भाजनले यही अगष्ट ८ तारिखमा पठाएको पत्रमा गण्डकको मुख्य संरचना सरसफाइ नहुँदा क्षमताअनुसारको पानी उपलब्ध नभएकाले पनि कम पानी पठाइएको उल्लेख गरिएको छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले पछिल्लो एक सातादेखि गण्डक नहरमा भारतीय पक्षले सात सय क्युसेक पानी उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो। "सम्झौताअनुसार ८५० क्युसेक पानी उपलब्ध हुनुपर्ने भए पनि अहिले पछिल्लो एक सातादेखि गण्डक नहरमा ७०० क्युसेक पानी उपलब्ध हुँदै आइरहेको छ", उहाँले भन्नुभयो, "नेपालको तर्फबाट चौतर्फी दबाब बढाएपछि मात्रै भारतीय पक्षले ७०० क्युसेक पनि उपलब्ध गराउन थालेको हो।"

कार्यालय प्रमुख पटेलले गण्डक नहरबाट सिञ्चित हुने पर्सा र बाराका खेतमा पर्याप्त पानी पुगेपनि रौतहटमा भने पुग्न नसकेको बताउनुभयो। नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो। सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो।

सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टरमा सिँचाइका लागि भारतीय पक्षले नेपालका लागि ८५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ सालमा नेपाललाई हस्तान्तरण गरेको थियो। गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमाक्षेत्र जानकी टोलाहुँदै पर्सामा पानी भित्रिने गर्छ।

# मधेस प्रदेशमा सवारी दुर्घटनामा मृत्यु हुनेको संख्या बढेको बढ्यै

**दैनिक समाचारदाता**

**राजविराज, २५ साउन।**

मधेस प्रदेशका ८ जिल्लामा सवारी दुर्घटना र त्यसबाट भएको मानवीय क्षतिको संख्या बर्सेनि बढ्दै गएको छ। राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयाका अनुसार ३ वर्ष यता सवारी दुर्घटनाको संख्या लगातार बढ्दै गएको हो।

मधेस प्रदेशका ८ जिल्लामा आर्थिक वर्ष २०७९/०८० मा ५ हजार ९८८ वटा सवारी दुर्घटनामा ५४६ जनाले ज्यान गुमाएका थिए। सो वर्ष सवारी दुर्घटनामा घाइते हुनेको सङ्ख्या ९ हजार ६७० थियो।

त्यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा ६ हजार ५८ वटा सवारी दुर्घटना हुँदा ५३० जनाले ज्यान गुमाए भने ९ हजार ७४५ जना घाइते भएका थिए।

गत आर्थिक वर्ष (२०८१/०८२) मा ७ हजार ४४३ वटा सवारी दुर्घटना भएको थियो, जसमा ५६४ जनाले ज्यान गुमाए भने १२ हजार १२३ जना घाइते भएका थिए।

सबैभन्दा धेरै दुर्घटना हुने सवारी साधनमा मोटरसाइकल अग्रस्थानमा रहेको तथ्याङ्कले देखाएको छ।

मधेस प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रहरी नायब उपरीक्षक वकिल बहादुर सिंहले सवारी दुर्घटना बढ्नुको मुख्य कारण तीव्र गति, लापरबाही ढङ्गले सवारी चलाउनु र अस्वाभाविक ढङ्गले ओभरटेक गर्ने प्रवृत्ति रहेको बताए। मुख्य राजमार्गको तुलनामा साँघुरा भित्री सडकखण्डमा बढी सवारी दुर्घटना हुने गरेको उनको भनाइ छ।

'सहरी क्षेत्रको तुलनामा भित्री सडक खण्डमा दुर्घटनाको सङ्ख्या धेरै छ,' डीएसपी सिंहले भने, 'हामी दुर्घटना कम गर्न जनचेतनामूलक कार्यक्रम गरिरहेका छौँ, तर त्यो सोचेजति प्रभावकारी हुन सकेको छैन।'

राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले गत वर्ष मधेस प्रदेशका ८ जिल्लामा २० हजार ५१९ वटा जनचेतनामूलक कार्यक्रम गरेको छ।

'हामीले दुर्घटना कम गर्न सवारी चालक, यात्रु, विद्यार्थी, समुदाय तहमा जनचेतनामूलक कार्यक्रम गरेका छौँ तर यो एक कानले सुन्ने, अर्को कानले उडाउनेमात्रै भयो,' डीएसपी सिंहले भने, 'यत्रो ठुलो सङ्ख्यामा कार्यक्रम गर्दा सकारात्मक नतिजा आउनुपर्ने हो तर चालकहरूले आफू बच्नका लागि होइन, ट्राफिक प्रहरीका लागि हेलमेट लगाइदिएको जस्तो व्यवहार गर्नुभयो।'

प्रहरी नायव उपरीक्षक सिंहले खाल्टाखुल्टीका कारण पनि रातको समयमा धेरै सवारी दुर्घटना हुने गरेको बताए।

मुख्य सडक खण्डमा भएका सीसी क्यामेरा मर्मत सम्भार नहुँदा पनि रातको समयमा हुने सवारी दुर्घटनामा अनुसन्धान गर्न धेरै समस्या हुने गरेको राजमार्ग ट्राफिक कार्यालयले जनाएको छ।

सूचना अधिकारीसमेत रहेका सिंहले मधेसका ८ जिल्लाको मुख्य सडक खण्डमा रहेका ५८ वटा सीसी क्यामेरामध्ये ३३ वटा बिग्रिएको अवस्थामा रहेको बताए। प्रदेश सरकार र विभिन्न संघसंस्थाको सहयोगमा जडान गरिएका यी क्यामेरा वर्षौंदेखि मर्मत हुन सकेको छैन।

मधेसका ८ जिल्लामध्ये बारामा १४, पर्सामा ३, रौतहटमा १२, धनुषामा १५, सप्तरीमा ७, सिराहामा ३ र महोत्तरी सडकखण्ड अन्तर्गत ४ वटा सीसी क्यामेरा राजमार्गमा जडान गरिएको छ। मुख्य राजमार्गमा जडान भएका सीसी क्यामेरामात्रै पूर्ण रूपमा सञ्चालन गर्न सके तीव्र गति नियन्त्रण र जरिबानाको माध्यमबाट दुर्घटना न्यूनीकरण गर्न सकिने राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाको भनाइ छ।

सवारी दुर्घटना कम गर्न ट्राफिक कार्यालयले गत वर्ष २ लाख ८ हजार सवारी साधनलाई कारबाही गरेर १८ करोड ३७ लाख राजस्व सङ्कलन गरेको छ। साथै आर्थिक वर्ष २०८०/०८१ मा २ लाख ५९ हजार र २०७९/८० मा ३ लाख ५३ हजार सवारी साधनलाई कारबाही गरेको छ। जसबाट क्रमशः २३ करोड ३० लाख र २६ करोड ८६ लाख राजस्व सङ्कलन भएको थियो। रातोपाटीबाट

## जल्दै गरेको शवबाट हड्डी निकालेको आरोपमा दुई जना पक्राउ

काठमाडौँ, २५ साउन (रासस)।

पशुपतिस्थित शवदाह क्षेत्र आर्यघाटमा जल्दै गरेको शवबाट हड्डी निकालेर अरुलाई दिएको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा शव जलाउने कार्यमा संलग्न गणेश ढकाल र उहाँका सहयोगी रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

# एनपीएल अक्सनबाट आठ टोलीले ३७ खेलाडी छाने

काठमाडौं, २५ साउन (रासस)।

नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणका लागि भएको मिनी अक्सनबाट आठ टोलीले ३७ खेलाडी छानेका छन्। अक्सनका लागि छनोट गरिएका १६४ खेलाडीबाट ३७ खेलाडी अनुबन्ध भएका हुन्।

अक्सनमा आठ टोलीले पहिलो चरणमा २६ खेलाडी अनुबन्ध गरेका थिए। पहिलो चरणमा अनुबन्ध नगरिएका बाँकी ११ खेलाडी 'विस लिस्ट'बाट छानिएका हुन्। 'ए' श्रेणीका चार खेलाडीलाई जनही रु १५ लाखमा खरिद गरिएको छ। दोस्रो संस्करणका लागि सबैभन्दा बढी मूल्यमा देव खनाल, अर्जुन साउद, आदिल आलम र पवन सर्राफलाई खरिद गरिएको छ। देव र अर्जुनले चितवन राइनोजबाट, आदिलले काठमाण्डू गोर्खाजबाट र पवनले कर्णाली याक्सबाट खेल्ने तय भएको छ। चारै खेलाडीलाई एउटाभन्दा बढी टोलीले भित्र्याउन खोजेकाले 'लक्की ड्र' मार्फत निर्णय गरिएको थियो।

त्यसैगरी, दिलीप नाथ र शेर मल्ललाई लुम्बिनी लायन्सले, हेमन्त धामीलाई सुदूरपश्चिम रोयल्सले, सूर्य तामाङलाई विराटनगर किङ्ग्सले, सन्तोष यादवलाई काठमाण्डू गोर्खाजले र युवराज खत्रीलाई कर्णाली याक्सले जनही रु १० लाखमा अनुबन्ध गरेको छ।

यस्तै मयन यादवलाई जनकपुर बोल्टसले रु ७ लाख ७५ हजारमा तथा आकाश त्रिपाठीलाई काठमाण्डू गोर्खाजले रु ७ लाखमा अनुबन्ध गरेको छ। यसैगरी शङ्कर राना, नारायण जोशी र साहिल पटेललाई विराटनगर किङ्ग्सले, अर्जुन कुमाललाई पोखरा एभेन्जर्सले, विशाल पटेल र दुर्गेश गुप्तालाई लुम्बिनी लायन्सले, आदित्य महता र विकास आग्रीलाई जनकपुर बोल्टसले, विपिन रावललाई चितवन राइनोजले तथा दिपक बोहरा र मिलन बोहरालाई सुदूरपश्चिम रोयल्सले जनही रु ५ लाखमा अनुबन्ध गरेको छ। उत्तम थापा मगरलाई काठमाण्डु गोर्खाजलेरु रु ३ लाखमा अनुबन्ध गरेको छ।

यसैगरी टेकबहादुर रावत र दीपेन्द्र थापालाई सुदूरपश्चिम रोयल्सले, सन्दीप खत्री क्षेत्री, अभिषेख तिवारी र कृष्ण पौडेललाई पोखरा एभेन्जर्सले, सचिन भट्टलाई जनकपुर बोल्टसले, तुलबहादुर थापालाई काठमाण्डू गोर्खाजले, इमरान शेख र दीपक डुम्रेलाई कर्णाली याक्सले, लुम्बिनी लायन्सले आदिल खानलाई, विराटनगर किङ्ग्सले श्रवण किश्कुलाई तथा चितवन राइनोजले विपिन आचार्य र रञ्जित कुमारलाई जनही रु दुई लाखमा अनुबन्ध गरेको छ।

एनपीएलको शनिबारको मिनी अक्सनमा १५० खेलाडीले भाग लिएका थिए। दर्ता भएका ४५८ खेलाडीबाट १५० जनालाई मिनी अक्सनका लागि छनोट गरिएको थियो। अक्सनमा 'ए' श्रेणीको न्यूनतम रु १० लाख र अधिकतम रु १५ लाख, 'बी' श्रेणीको न्यूनतम रु ५ लाख र अधिकतम रु १० लाख तथा 'सी' श्रेणीको न्यूनतम रु २ लाख र अधिकतम रु ५ लाख मूल्य राखिएको थियो। योसँगै आठ टोलीमा ८८ खेलाडी आबद्ध भएका छन्। प्रत्येक टोलीमा ११-११ नेपाली खेलाडी छनोट भएसँगै अब आठवटै टोलीले कम्तिमा चार विदेशी खेलाडी अनुबन्ध गर्नेछन्।

**आठवटै टोलीको खेलाडी सूची**

**जनकपुर बोल्टसः** आसिफ शेख (मार्की खेलाडी), अनिलकुमार साह, शुभ कङ्साकार, किशोर महतो, ललितनारायण राजवंशी, तुलबहादुर थापामगर, रुपेश सिंह, सचिन भट्ट, आदित्य महता, मयन यादव र विकाश आग्री।

**सुदूरपश्चिम रोयल्सः** दिपेन्द्रसिंह ऐरी (मार्की खेलाडी), विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे, नरेन साउद, हेमन्त धामी, टेकबहादुर रावत, दिपेश थापा, दिपक बोहरा र मिलन बोहरा।

**कर्णाली याक्सः** सोमपाल कामी (मार्की खेलाडी), गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिनप्रसाद शर्मा, युनिशविक्रमसिंह ठकुरी, पवन सर्राफ, इमरान शेख, दीपक डुम्रे र युवराज खत्री।

**चितवन राइनोजः** कुशल मल्ल (मार्की खेलाडी), रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला, गौतम केसी, देव खनाल, अर्जुन साउद, बिपिन रावल, बिपिन आचार्य र रन्जित कुमार।


**काठमाण्डु गोर्खाजः** करण केसी (मार्की खेलाडी), भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ, राशिद खान, उत्तम थापा मगर, तुलबहादुर थापा, सन्तोष यादव, आकाश त्रिपाठी र आदिल आलम।

**विराटनगर किङ्सः** सन्दीप लामिछाने (मार्की खेलाडी), लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट, सुवास भण्डारी, सूर्य तामाङ, साहिल पटेल, नारायण जोशी, श्रवण किस्कु र शङ्कर राना।

**पोखरा एभेन्जर्सः** कुशल भुर्तेल (मार्की खेलाडी), दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द, तुतराज दास, अभिषेक तिवारी, अर्जुन कुमाल, कृष्ण पौडेल र सन्दीप खत्री क्षेत्री।

**लुम्बिनी लायन्सः** रोहित पौडेल (मार्की खेलाडी), सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम, दिनेश अधिकारी, दिलिप नाथ, विशाल पटेल, शेर मल्ल, दुर्गेश गुप्ता र आदिल खान।

शनिबार सम्पन्न अक्सनमा खेलाडीमाथि सबैभन्दा धेरै खर्च चितवन राइनोजले तथा कम पोखरा एभेन्जर्सले गरेको छ। चितवनले रु ३९ लाख, काठमाडौंले रु ३७ लाख, लुम्बिनीले रु ३२ लाख, कर्णालीले रु २९ लाख, विराटनगरले रु २७ लाख, सुदूरपश्चिमले रु २४ लाख, जनकपुरले रु १९ लाख ७५ हजार तथा पोखराले रु ११ लाख खर्च गरेको छ।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८२/०४/२२

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १० अनुपलाल माझीको नाममा दर्ता रहेका साविक प्रगन्ना मालझमुना मौजे राजपुरको सा.कि.नं. ७९ को ज.वि. १-८-५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स रामपुर जमुवा वडा नं.७ हाल शम्भुनाथ न.पा. वडा नं. ११ बस्ने जितु चौधरीको नाति अनुपलाल चौधरीको छोरा चन्द्र नारायण चौधरी-१, श्याम कुमार चौधरी-१, समेत २ को यस कार्यालयमा द.नं. २३५८९ मिति २०८१/०३/३१ गतेमा माग निवेदनपरी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०४/२२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ, वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गौचर, समसानघाट, पैनी, पोवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७९ | अनुपलाल माझी | रामपुर जमुवा | ७क | २३ | ०-१५-१४ | चन्द्र नारायण चौधरी श्याम कुमार चौधरी | यो जग्गाको फिल्डबुकको जोताहाको महल खाली, ज.ध. महल खाली, किसानको व्यहोर महल खाली कैफियत महलमा यो जग्गा राजपुर ७ नं वाट नाप अनुप लालको दर्ताको लागि प्रमाणित गर्ने जनिएको। |

.................
भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत

## मिडिया काउन्सिल विधेयकका केही प्रावधान संशोधन गर्न माग

काठमाडौं, २५ साउन (रासस)।

विभिन्न पाँच सङ्घ/संस्थाले मिडिया काउन्सिल विधेयकबारे सरोकारवाला पक्षसँग पर्याप्त छलफल र समझदारी गरी आवश्यक संशोधन गरेर मात्र अगाडि बढाउन आग्रह गरेका छन्।

प्रेस सेन्टर नेपाल, प्रेस सङ्गठन, नेपाल जनपत्रकार सङ्गठन, नेपाल, क्रान्तिकारी प्रेस सङ्गठन र प्रेस नेपालले शुक्रबार संयुक्त प्रेस वक्तव्य जारी गर्दै प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको मिडिया काउन्सिल विधेयकका कतिपय प्रावधान संशोधन गर्नुपर्ने माग गरेका हुन्।

"प्रतिनिधिसभाको विषयगत समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयकका महत्वपूर्ण प्रावधान संशोधन गर्नुपर्छ, यसले पूर्ण प्रेस स्वतन्त्रतालाई सङ्कुचन गरेको छ, प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, राष्ट्रिय आमसञ्चार नीति २०७३, आमसञ्चार क्षेत्र सुधार समितिको सुझाव र सरोकारवाला पक्षसँगको समझदारीबमोजिम विधेयक संशोधन गरेर स्वतन्त्र, स्वायत्त र सक्षम मिडिया काउन्सिल स्थापना गरिनुपर्छ", विज्ञप्तिमा भनिएको छ।

ती सङ्घ/संस्थाले सूचना तथा प्रसारण विभाग र प्रदेश कानूनबमोजिम प्रदेशबाट हुँदै आएको अनलाइन सञ्चारमाध्यम प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने नयाँ व्यवस्था गर्नु सङ्घीयताको मूल मर्मविपरीत भएको जनाएका छन्। मस्यौदा तयार भइसकेको आमसञ्चारमाध्यमसम्बन्धी एकीकृत कानुन (छाता ऐन)लाई चाँडो अगाडि बढाएर अनलाइनसहित सबै प्रकारका सञ्चारमाध्यमको दर्ता, नवीकरण र नियमनलगायतका कार्यलाई व्यवस्थित गर्न माग गरिएको छ।

# विश्व समाचार

## गाजामा इजरायली गोलीबाट ३७ जनाको मृत्यु

गाजा पट्टी (प्यालेस्टिनी क्षेत्र), २५ साउन (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा एजेन्सीले शनिबार इजरायली गोलीबाट कम्तीमा ३७ जनाको मृत्यु भएको जनाएको छ। तीमध्ये सहायता लिन पर्खिरहेका ३० नागरिक समावेश छन्।

नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले इजरायली सेनाले उत्तरी गाजामा सहायता वितरणका लागि प्रयोग गरिएको सीमा नाका नजिकै भेला भएका मानिसहरूमाथि गोली चलाउँदा १२ जनाको मृत्यु भएको र करिब दुई सय जना घाइते भएको बताउनुभयो।

मध्य गाजाको सहायता केन्द्र नजिकै भेला भएका सर्वसाधारणलाई इजरायली सेनाले निशाना बनाएपछि थप ८ जनाको मृत्यु भएको र ३० जना घाइते भएको पनि उहाँले जानकारी दिनुभयो।

बासलका अनुसार मध्य गाजामा पनि आक्रमणका कारण धेरै जनाको ज्यान गएको छ भने दक्षिणी सहर खान युनिस नजिकै भएको ड्रोन आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको छ र अन्य धेरै घाइते भएका छन्।

गाजामा मिडियामाथिको प्रतिबन्ध र क्षेत्रका ठूला भागहरूमा पहुँच पुर्‍याउन कठिनाइका कारण एएफपीले नागरिक सुरक्षा र इजरायली सेनाले प्रदान गरेका तथ्याङ्क र विवरणहरूको स्वतन्त्र पुष्टि गर्न सक्दैन।

हजारौं प्यालेस्टिनी गाजामा खाना वितरण केन्द्रहरू नजिकै दैनिक भेला हुन्छन्, जसमा चारवटा अमेरिका र इजरायल समर्थित गाजा ह्युमेनिटेरियन फाउन्डेसनद्वारा व्यवस्थापन गरिन्छ।

मे महिनाको अन्त्यमा सुरु भएदेखि यसका गतिविधिहरू लगभग दैनिक रूपमा सहायता लिन पर्खिरहेकाहरूमाथि इजरायली सेनाले गोली चलाएको रिपोर्टहरूले ग्रसित भएको छ।

लगभग दुई वर्षअघि युद्ध सुरु भएदेखि गाजामा आपूर्तिको प्रवेशमा इजरायली प्रतिबन्धले खाद्यान्न, औषधि र इन्धन लगायत आवश्यक आपूर्तिको अभाव निम्त्याएको छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले यस क्षेत्रका २० लाखभन्दा बढी मानिसलाई अनिकालको सङ्घारबाट फिर्ता ल्याउन र प्यालेस्टिनी लडाकूहरूले बन्धक बनाएका मानिसहरूलाई मुक्त गर्न युद्धविराममा सहमत हुन बढ्दो दबावको सामना गरिरहनुभएको छ।

तर शुक्रबार बिहान, इजरायली सुरक्षा मन्त्रिपरिषद्ले गाजा सहर कब्जा गर्न ठूलो अपरेशनको योजनालाई अनुमोदन गरेको थियो। यसले विश्वभर आक्रोशको लहर निम्त्यायो।

प्रतिक्रिया र इजरायली सेनाको उच्च नेतृत्वबाट असहमतिका अफवाहहरूको बाबजुद नेतान्याहु निर्णयमा अडिग रहनुभएको छ। शुक्रबार राति सामाजिक सञ्जालमा पोस्ट गर्दै उहाँले भन्नुभयो, "हामी गाजा कब्जा गर्न जाँदैछौं होइन - हामी गाजालाई हमासबाट मुक्त गर्न जाँदैछौं।"

## रुसबाट सुमी क्षेत्रको गाउँ फिर्ता लिएको युक्रेनको दाबी

किएभ, २५ साउन (रासस/एएफपी)।

युक्रेनको सेनाले आइतवार हालैका दिनहरूमा महत्त्वपूर्ण प्रगति गरेको रुसी सेनाबाट सुमी क्षेत्रको एक गाउँ फिर्ता लिएको बताएको छ। युक्रेनी सेनाले बेजसालिभकाबाट रुसी सेनालाई 'मुक्त गरेको र पूर्ण रूपमा खाली गरेको' सैन्य महासचिवालयले टेलिग्राम पोस्टमा बताएको छ। पोस्टमा लडाइँमा १८ रुसी सैनिक 'मारिएको' उल्लेख छ।

यो गाउँ देशको उत्तरमा युद्धको मोर्चामा छ र उत्तरी क्षेत्रमा दुई सेनाबीच भइरहेको मुख्य लडाइँबाट करिब २० किलोमिटर (१३ माइल) पश्चिममा अवस्थित छ। सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेको रुसले युक्रेनी सेनाबाट आफ्नो कुर्स्क क्षेत्र पुनः कब्जा गरेपछि अप्रिलमा सुमीमा नयाँ आक्रमण सुरु गरेको थियो।

रुसी सेना हाल सुमीको क्षेत्रीय राजधानीबाट करिब २० किलोमिटर टाढामा छ। सुमीको क्षेत्रीय राजधानी बारम्बार घातक गोलाबारी आक्रमणको निशाना बनेको छ। रुसी आक्रमणको मुख्य फोकस पूर्वी युक्रेनमा छ। त्यहाँ रुसले हालैका महिनाहरूमा कम सुसज्जित प्रतिद्वन्द्वीहरूविरुद्ध आफ्ना जीतहरू बढाएको छ।

## इराकमा क्लोरिन ग्याँस चुहावटका कारण छ सयभन्दा बढी तीर्थयात्री अस्पताल भर्ना

करबला (इराक), २५ साउन (रासस/एएफपी)।

इराकमा छ सयभन्दा बढी तीर्थयात्रीलाई पानी प्रशोधन केन्द्रमा चुहावटको परिणामस्वरूप क्लोरिन सास फेर्दा श्वासप्रश्वासको समस्याका कारण अस्पतालमा भर्ना गरिएको अधिकारीहरूले आइतवार बताएका छन्। इराकको मध्य र दक्षिणमा अवस्थित दुई शिया पवित्र सहर नजफ र करबलाबीचको मार्गमा रातभरि यो घटना भएको हो।

यस वर्ष, लाखौं शिया मुस्लिम तीर्थयात्री करबलामा जाने अपेक्षा गरिएको छ। त्यहाँ पूजनीय इमाम हुसेन र उनका भाइ अब्बासका मन्दिरहरू छन्। त्यहाँ उनीहरूले ४० दिनको शोक अरबाइन मनाउनेछन्। यसमा शियाहरूले पैगम्बर मोहम्मदका नाति हुसेनको मृत्युको सम्झना गर्छन्। एक संक्षिप्त बयानमा इराकको स्वास्थ्य मन्त्रालयले 'करबलामा क्लोरिन ग्यास चुहावटपछि श्वासप्रश्वासका छ सय २१ वटा घटना दर्ता भएको' बताएको छ।

"सबैले आवश्यक हेरचाह पाएका छन् र स्वस्थ अवस्थामा अस्पतालबाट निस्किएका छन्", विज्ञप्तिमा भनिएको छ। यसैबीच तीर्थयात्रीहरूको सुरक्षाका लागि जिम्मेवार सुरक्षा बलले उक्त घटना 'करबला-नजफ सडकमा रहेको पानी केन्द्रबाट क्लोरिन चुहावट' भएको बताएको छ। दशकौंको द्वन्द्व र भ्रष्टाचारका कारण इराकका धेरैजसो पूर्वाधार जीर्ण अवस्थामा छन्। सुरक्षा मापदण्डहरूको पालना प्रायः शिथिल रहन्छ। जुलाईमा पूर्वी सहर कुटको एक सपिङ मलमा भएको ठूलो आगलागीमा ६० भन्दा बढी मानिसको ज्यान गएको थियो। तीमध्ये धेरै जनाको शौचालयमा श्वास फेर्न नसकेर मृत्यु भएको अधिकारीहरूले बताएका थिए।

# वर्षासँगै सुक्खा सङ्कटग्रस्त मधेस प्रदेशमा धमाधम रोपाइँ

पर्सा, २४ साउन (रासस)।
पर्साका सखुवाप्रसौनी गाउँपालिका-२ का किसान शम्भुप्रसाद यादवलाई १० दिन अघिसम्म मधेस प्रदेशमा देखिएको सुक्खाग्रस्त खडेरीका कारणले सबै खेतमा धान रोप्न पाइँदैन कि भन्ने चिन्ता थियो। तर, पछिल्लो साता यहाँ परेको अकाशेपानीका कारण उहाँले सबै खेतमा धान रोपिसक्नुभयो।

"अकाशेपानी पर्नु अघि नै साढे नौ विघामा जेनतेन रोपाइँ गरिसकेका थियौँ, तर, डेढ विघामा लगाएको चैते धान भित्राउन ढिला भएकाले रोपाइँ गर्न सकेका थिएनौँ", उहाँले भन्नुभयो, "एक सातायता यहाँ दिनहुँजसो पानी परेसँगै बाँकी खेतमा पनि धान रोपेका छौँ।" उहाँले ढिलै भएपनि अकाशेपानी परेपछि यहाँका किसान उत्साही भएको बताउनुभयो।

"एक त चैतेधान भित्राउनै ढिलो भयो, अर्कोतर्फ नियमित बिजुली नआउँदा पनि बोरिङमार्फत पानी निकालेर रोप्न गाह्रो भयो", उहाँले भन्नुभयो। मधेश प्रदेश कृषि विकास निर्देशनालयका बरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादव मधेस प्रदेशमा अकाशेपानी परेसँगै धान रोपाइँ धमाधम भइरहेको बताउनुभयो।

"यही साउन १६ गतेसम्म मधेस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये ५७ दशमलव २७ प्रतिशतमा मात्रै धान रोपाइँ भएको थियो, पछिल्लो एक सातामा थप १९ दशमलव २७ हेक्टरमा धान रोपाइँ भएको छ", वरिष्ठ बागवानी अधिकृत यादवले भन्नुभयो।

निर्देशनालयका अनुसार यही साउन २३ गतेसम्म मधेस प्रदेशमा आठ जिल्लामा धान रोपाइँ कूल ७६ दशमलव ५४ प्रतिशत अर्थात दुई लाख ८५ हजार दुई सय ३४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५ दशमलव ९ प्रतिशत धान रोपाइँ भएको छ। सर्लाहीमा पनि ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१ दशमलव ५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशत मात्रै धान रोपाइँ भएको छ।

कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरले अकाशेपानी परेपछि पर्सामा धान रोपाइँ अन्तिम चरणमा पुगेको बताउनुभयो। उहाँले भन्नुभयो, "पानी परेपछि धान रोपाइँ राम्रो भएको छ, केही दिनसम्म नियमित पानी परे धान रोपाइँमा थप सहज हुन्छ।"

अकाशेपानी परेसँगै बाराका कृषकहरुमा पनि उत्साह थपिएको कृषि ज्ञान केन्द्र बाराका प्रमुख राज नारायणप्रसाद साहले बताउनुभयो। "अकाशेपानी परेसँगै धानको रोपोलाई धेरै हदसम्म राहत भएको छ। धान नरोपिएको ठाउँमा पनि धमाधम धान रोपाइँ भइरहेको छ।"

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले अकाशेपानी परेसँगैसर्लाहीमा ७५ प्रतिशत धान रोपाइँ भएको बताउनुभयो। "पानी नपर्दा खेतमा धाँजा फाटेको थियो, अहिले पानी परेपछि सुकेको रोपो पलाउने आशा जगाएको छ", उहाँले भन्नुभयो।

# चार महिनामा विपद्का दुई हजार ६ सय ७५ घटना

काठमाडौँ, २५ साउन (रासस)।
गत वैशाखदेखि यही साउन २४ गतेसम्म कुल दुई हजार छ सय ७५ विपद्का घटना भएका छन्। ती घटनाबाट चार हजार ७२५ घरपरिवार प्रभावित भएका छन्। विपदका घटनामा परेर एक सय १७ जनाको ज्यान गएको छ भने पाँच सय ६४ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सो अवधिमा बाढीजन्य एक सय ९८ घटना हुँदा १६ जनाको ज्यान गएको छ भने २१ जना बेपत्ता भएका छन्। बाढीबाट एक हजार ३१३ घरपरिवार प्रभावित भएका छन्।

प्राधिकरणको विवरणअनुसार पहिरोका कुल दुई सय ८१ घटना भएका छन्। त्यसमा परेर १३ जनाको ज्यान जाँदा १७ जना घाइते भएका छन्। यस्तै, भारी वर्षाका कारण एक सय ७४, चट्याङका दुई सय ४४, सर्पदंशका ७४, आगलागीका एक हजार ६६, वन डढेलोका एक सय ५८, हावाहुरीका दुई सय ७६, जनावर आक्रमणका एक सय ५३, लेक लागेर ४१, भूकम्पका पाँच घटना भएका छन्। विपद्जन्य घटनाका कारण चार हजार सात सय २५ घरपरिवार प्रभावित भएका छन्। त्यसमा परेर २२ जना बेपत्ता भएका छन्।

यस्तै, साउन २४ गतेसम्म मात्रै ३५ विपदका घटना भएका छन्। त्यसमा सबैभन्दा बढी पहिरोका १३, आगलागीका चार, बाढी एक, अविरल वर्षा पाँच, चट्याङ एक, लेक लागेको दुई र जनावरको आक्रमणबाट एउटा घटना भएको छ। ती घटनामा परेर ६ जना घाइते भएका छन्।

# सशस्त्र प्रहरी बल रौतहटद्वारा पाँच करोड ७४ लाख मूल्यका सामान बरामद

रौतहट, २५ साउन (रासस)।
सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल रौतहटले गत आर्थिक वर्ष २०८१/८२ मा रु पाँच करोड ७४ लाख दुई हजार ६९९ मूल्य पर्ने सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतले गत आवमा सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै भन्सार छलीका सामान बरामद हुनेक्रम उल्लेखनीय रुपमा वृद्धि भएको जानकारी दिनुभयो।

"गत आवमा मात्रै रु दुई करोड ३१ लाख ४७ हजार मूल्य पर्ने स्कोरपियो गाडीदेखि साइकलसम्मका सवारीसाधन बरामद गरेका छौँ", उहाँले भन्नुभयो, "सोही अवधिमा रु दुई करोड ४८ लाख ४५ हजार ६५३ मूल्य पर्ने अवैध किराना, कस्मेटिक, लत्ताकपडा र मोटरपार्टसका समान पक्राउ गर्न सशस्त्र प्रहरी सफल भएको छ।" सशस्त्र प्रहरीका अनुसार गत आवमा एक/एक थान स्कोरपियो र सफारी गाडी बरामद गरिएको छ।

त्यसैगरी, एक/एक थान बोलेरो, म्याजिक र अटोरिक्सासहित १८० वटा मोटरसाइकल बरामद गरी गौर भन्सार कार्यालयलाई बुझाएको छ। सशस्त्र प्रहरी उपरीक्षक बस्नेतले गत आवमा स्रोत नखुलेका रु ४८ लाख १७ हजार ११० रकम बरामद गरेको पनि जानकारी दिनुभयो।

त्यस्तै, सोही अवधिमा स्रोत नखुलेका नौ लाख ४९ हजार ४४९ भारतीय रुपैयाँ पनि बरामद भएको छ। सशस्त्र प्रहरीले गत आवमा ६९३ क्युफिट काठ बरामद गरेर डिभिजन वन कार्यालय रौतहटलाई बुझाएको जनाएको छ।

सशस्त्र प्रहरी उपरीक्षक बस्नेतका अनुसार गत आवमा ४०६ कार्टुन अर्थात् रु पाँच लाख ५१ हजार ८२५ मूल्यको मदिरा बरामद गरिएको छ। सोही अवधिमा ८५० किलोग्राम माछा, एक हजार २४९ किलोग्राम बोइलर कुखुरा, १६ वटा गाईगोरु, भैँसी र पाडापाडी पनि बरामद गरिएको छ।

त्यस्तै, रौतहट जिल्लास्थित सशस्त्र प्रहरीबलले रु चार लाख तीन हजार ५६ मूल्यका पटकासमेत बरामद गरेको जनाएको छ। दक्षिणी सीमानाकामा पाँच वटा 'बोर्डर आउटपोष्ट' रहेको रौतहटमा अरु आठ वटा सुरक्षाबेस क्याम्पमार्फत सशस्त्र प्रहरीले प्राप्त जिम्मेवारी पूरा गरिरहेको प्रहरी उपरीक्षक बस्नेतले जानकारी दिनुभयो।

# रासायनिक मल सहज रूपमा उपलब्ध गराउन कृषि मन्त्रालय क्रियाशील

काठमाडौँ, २५ साउन (रासस)।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक मलको सहज व्यवस्थापन भइरहेको र कुनै गुनासो नआओस् भन्नेमा यथेष्ट ध्यान दिइएको जनाएको छ।

तत्कालका लागि २८ हजार ८२४ मेट्रिक टन रासायनिक मल मौज्दात छ भने एक लाख ४० हजार ५०४ मेट्रिक टन मार्गस्थ छ। साल्ट ट्रेडिङ कम्पनी र कृषि सामग्री कम्पनी लिमिटेडमा उक्त परिमाणको मल उपलब्ध रहेको तथा आवश्यक बिक्री वितरणको व्यवस्था मिलाइएको मन्त्रालयले उल्लेख गरेको छ।

खेतीपातीको समयमा रासायनिक मल सहज रूपमा व्यवस्थापन गर्न मन्त्रालयले आवश्यक पहल र प्रयत्न गरिरहेको मन्त्रालयले जनाएको छ। सोहीअनुसार कृषि सामग्री कम्पनीमा कुल २९ हजार १११ मेट्रिक टन मल मौज्दात छ। त्यसमा युरिया १६ हजार ५३९ मेट्रिक टन, डिएपी सात हजार ६५३ मेट्रिक टन तथा पोटास चार हजार ९१५ मेट्रिक टन मौज्दातमा छ।

त्यसैगरी, साल्ट ट्रेडिङ कम्पनीमा १३ हजार ७१२ मेट्रिक टन मल मौज्दात छ। त्यसमध्ये युरिया १० हजार ९८४ मेट्रिक टन, डिएपी नौ सय ४२ मेट्रिक टन, पोटास एक हजार ७८५ मेट्रिक टन मौज्दात रहेको मन्त्रालयले जनाएको छ। मन्त्रालयले चालु आवका लागि ६ लाख मेट्रिक टन मलको व्यवस्थापन गर्ने लक्ष्य राखेको छ। त्यसका लागि रु २८ अर्ब ८२ करोड बराबरको बजेट व्यवस्थापन गरिएको छ। हालसम्म तीन लाख मेट्रिक टन मल खरिदका लागि बोलपत्र आह्वान भइसकेको छ।

त्यसैगरी, मार्गस्थ अवस्थामा रहेको रासायनिक मल एक लाख ४० हजार ५०४ मेट्रिक टन रहेको छ। सोमध्ये कृषि सामग्री कम्पनीतर्फ ७८ हजार ३४९ मेट्रिक टन र साल्ट ट्रेडिङतर्फ ६२ हजार १५४ मेट्रिक टन छ। गत आवको ३० हजार ९८३ मेट्रिक टन मल भने मौज्दात छ। त्यसमा युरिया १९ हजार ९२३ मेट्रिक टन, डिएपी १० हजार ४४८ मेट्रिक टन र पोटास छ सय ११ मेट्रिक टन छ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीका अनुसार किसानले सहज रूपमा रायायनिक मल पाउने गरी सरकारको तर्फबाट आवश्यक पहल भएको छ।

### सरकारले तराईमा ...

गर्दै प्रधानमन्त्रीले सबै किसानलाई अभिवादन गर्नुभएको छ।

"तत्कालका लागि ५०० वटा डिपबोरिङ जडानको काम सुरु गरिएको थियो, र दीर्घकालीन समाधानका लागि सुनकोशी-मरिन डाइभर्सनको काम अघि बढाइरहेको छ। पछिल्लो साता हामीलाई प्रकृतिले साथ दिएको छ। वर्षाले फेरि हरियाली फर्काउन थालेको छ।

यही साउन २३ गतेसम्म मधेस प्रदेशका आठ जिल्लामा ७६ दशमलव ५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको छ, र केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउनेछ भन्ने आशा छ", प्रधानमन्त्रीले भन्नुभएको छ।

### विद्यालयलाई ...

प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानुन बमोजिम सञ्चालन गर्न दिने गरी गरेको कानुनी व्यवस्था विपरीत छ।" उनले विधेयकमा पूर्ण छात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोसाक, यातायातलगायतका सेवा उपलब्ध गराउनुपर्ने भन्ने विषय कम्पनी कानुनको भावना र मर्मविपरीत रहेको दाबी गरे।

उनीहरुले यही साउन २८ गतेभित्र आफ्ना माग सम्बोधन नभए साउन २९ गतेदेखि आन्दोलन गर्ने समेत जानकारी गराएका छन्।

### जल्दै गरेको शवबाट ...

उपरीक्षक कुलदीप चन्दले राससलाई जानकारी दिनुभयो।

"शुक्रबार काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-९ का राम शाही नाम गरेका मृतकको शवबाट हड्डी निकालेर अन्य व्यक्ति (तान्त्रिक)लाई दिएको मृतकका परिवारले आरोपसहितको सूचना प्रहरीलाई दिएपछि दुवै जनालाई नियन्त्रणमा लिएका हौँ", उहाँले भन्नुभयो।

नियन्त्रणमा लिइएका दुवै जनालाई अहिले प्रहरी वृत्त गौशलामा राखेर सोधपुछ तथा आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता चन्दले बताउनुभयो।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

❖ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः
❖ घर वरिपरी पानी जम्न नदिऔं,
❖ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
❖ गोठ तथा खोर घरभन्दा टाढा राखौं,
❖ पुरा बाहुला भएको कपडा लगाऔं,
❖ सुत्दा झुल लगाएर मात्र सुतौं,
❖ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*